# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्याः १ असार १५, २०८१

## भाग - १

**मुसिकोट नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय, रुकुम पश्चिमको**

**सूचना**

## विनियोजन ऐन, २०८१

**सम्वत २०८१ सालको ऐन नं. १**

**<u>प्रस्तावनाः</u>** आर्थिक बर्ष २०८१/०८२ को सेवा र कार्यको लागि मुसिकोट नगरपालिका सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

मुसिकोट नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुसिकोट नगरपालिका विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन सम्वत २०८१ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८४,६०,७८,९८६। (अक्षेरुपी चौरासी करोड साठी लाख अठहत्तर हजार नौ सय छयासी रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त मुसिकोट नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी

रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर कार्यपालिकाबाट निर्णय गराई नगर सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न मुसिकोट नगरपालिकाले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(३) ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्वन्धमा नगरपालिकाले आवश्यक मार्ग दर्शन जारी गर्न सक्ने छ ।

५. **<u>बाधा अडकाउ फुकाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले अवश्यक आदेश जारी गरी बाधा अड्काउ फूकाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेश स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षकको नाम | चालु खर्च रु. हजारमा | पूँजिगत खर्च रु. हजारमा | जम्मा रु. हजारमा |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| १ | बिषयगत समितिहरु तर्फ | | | |
| १.१ | आर्थिक विकास समिति | २३८१४.८७५ | २८६२० | ५२४३४.८७५ |
| १.२ | सामाजिक विकास समिति | ३५९५७०.०६२ | ७६४४४ | ४३६०१४.०६२ |
| १.३ | पूर्वाधार विकास समिति | ७७३९.५५० | १८४३५० | १९२०८९.५५० |
| १.४ | वातावरण तथा विपद व्यवस्थापन समिति | ६८४२.५०० | ६७०० | १३५४२.५०० |
| १.५ | संस्थागत विकास | १४२१७३ | ९८२५ | १५१९९८ |

| | | | | |
|---|---|---|---|---|
| | र सुशासन समिति | | | |
| २ | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० |
| ३ | लगानी (शेयर/ऋण) | ० | ० | ० |
| **जम्मा** | | ५४०१३९.९८७ | ३०५९३९ | ८४६०७८.९८७ |

मितिः २०८१/०३/१५

**आज्ञाले,**

**मोहन प्रकश गिरी**

**प्रमुख प्रशासकीय अधिकृत**